आज मिति २०७९/१२/०२ गते विहीवारका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपसिल पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा

२. सदस्य : श्री दिछेन शेर्पा

३. सदस्य : श्री साङवु लामा

४. सदस्य : श्री कुमार श्रेष्ठ

५. सदस्य : श्री निमा सोना शेर्पा

६. सदस्य : श्री टाँसी शेर्पा

७. सदस्य : श्री दावा तेम्वा शेर्पा

८. सदस्य : श्री आङ छिरिङ शेर्पा

९. सदस्य : श्री वच्चु धतानी

१०. सदस्य : श्री जमुना थामी

११. सदस्य : श्री पम्फा वि.क.

१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते

१३. सदस्य : श्री निमि शेर्पा

१४. सदस्य सचिव : श्री भद्र बहादुर बस्नेत

**आमन्त्रितहरु :**

- श्री तेजप्रसाद ढकाल (योजना अधिकृत साथी)
- श्री भवानी प्रसाद मिश्र (लेखा अधिकृत)
- श्री गंगासागर पौड्याल (सू.प्र.अ.)

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**प्रस्तावहरु :**

१. यस गा.पा स्थित सुमित्रा स्वास्थ्य चौकी(कोभिड अस्पताल) लाई १० बेडको भोटेकोशी प्राथमिक अस्पतालमा स्तरउन्नती गर्ने सम्बन्धमा ।

२. विपदजन्य प्रकोप जोखिम व्यवस्थापनका लागि विपद कोषबाट खर्च सम्बन्धमा ।

३. रकमान्तर सम्बन्धमा ।

४. खेलकुद प्रशिक्षण तथा विकास कार्यक्रम सम्वन्धमा ।

५. काज सरुवा सम्वन्धमा ।

६. शिक्षक सरुवा सम्वन्धमा ।

७. विद्यालय अनुमति सम्वन्धमा ।

८. विज्ञापन बोर्ड बाट प्राप्त पत्रानुसारको सर्बोच्च अदालतको आदेश कार्यान्वयन सम्बन्धमा ।

९. भोटेकोशी गाउँपालिका भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि मापदण्ड तथा आधार २०७९ पारित सम्बन्धमा ।

१०. हिन्दी नारायणथान सडक मुआब्जा सम्बन्धि नापी सर्भेको भुक्तानी सम्बन्धमा ।

**निर्णयहरु**

१) प्रस्ताव नं १ उपर छलफल गर्दा यस गा.पा स्थित सुमित्रा स्वास्थ्य चौकी (कोभिड अस्पताल) लाई हाललाई भएका जनशक्ति तथा उपकरण व्यवस्थापन गरि भोटेकोशी अधारभुत अस्पतालको रुपमा संचालनमा ल्याउने निर्णय गरियो ।

२) प्रस्ताव नं २ उपर छलफल गर्दा विपदजन्य प्रकोप जोखिम व्यवस्थापनका लागि विपद कोषबाट खर्च गर्ने निर्णय गरियो ।

क) वडा नं ३ मा लगाइएको ग्याबिन जालीको प्राविधिक इस्टिमेट बमोजिमको रकम रु १ लाख ३३ हजार

ख) खाकुण्डोल फुल्पिङकट्टी सडकमा पहिरो जाने सम्भावना भएकोले रोकथामको लागि रु ६ लाख

ग) वडा नं २ मेराक खोला स्टिल ब्रिजको लागि रु ४ लाख ४० हजार

३) प्रस्ताव नं ३ उपर छलफल गर्दा तपशिल बमोजिमका शिर्षकहरु रकमान्तर गर्ने निर्णय गरियो ।

**घटाउने**

क) कर्मचारी पदाधिकारी अध्ययन अवलोकन भ्रमण खर्च रु २ लाख ५० हजार

ख) कानूनी सल्लाहकार पारिश्रमिक रु १ लाख २५ हजार

ग) १० दिनको काज सहितको पर्यटन भ्रमण खर्च रु २ लाख ५० हजार

घ) जनप्रतिनिधि भ्रमण खर्च रु २ लाख

ङ) स्वास्थ्य आपतकालिन कोषबाट [illegible]

च) उपभोक्ता समिति अभिमुखीकरण कार्यक्रम खर्च रु १ लाख ७५ हजार

**बढाउने**

क) विविध कार्यक्रम खर्च रु २ लाख ५० हजार

ख) विविध खर्च रु २ लाख ५० हजार

ग) हिन्दी नारायणथान सडक मुआब्जा सम्बन्धि नापी सर्भेको भुक्तानी रु ५ लाख।

घ) लालविर चोक सामुदायिक स्वास्थ्य इकाई सम्पन्न रु ५ लाख

४) प्रस्ताव नं ४ मा छलफल गर्दा विषयगत शिक्षा शाखा अन्तर्गत खेलकुद प्रशिक्षण तथा विकास कार्यक्रम शीर्षकमा विनियोजित रकमवाट जिल्लामा संचालित भएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुन झिर्पू मा.वि मार्फत रु २ लाख र वेलेफि गाउँपालिकावाट आयोजित जिल्लास्तरिय फुटवल प्रतियोगितामा सहभागी हुन खेलकुद उपभोक्ता समिति मार्फत रु २ लाख ५० हजार वाँडफाँड दिने निर्णय गरियो।

५) प्रस्ताव नं ५ मा छलफल गर्दा यस पालिकाको वडा नं 3 मा संचालित श्री भुमिराज आ.वि. मा विद्यार्थी संख्या शिक्षकको अनुपातमा निकै कम भएको हुनाले भोटेकोशी गाउँपालिकाको शिक्षा नियमावली, २०७५ (पहिलो संशोधन) को नियम ६० उपनियम ६(ग) वमोजिम तहाँ कार्यरत शिक्षक श्री उषा थापा पौडेललाई वडा नं ३ कै श्री गुप्तेश्वरी आधारभूत विद्यालमा काज सरुवा गर्न गाउँ शिक्षा समितिको सिफारिस वमोजिम सरुवा गर्ने निर्णय गरियो।

६) प्रस्ताव नं ६ मा छलफल गर्दा यस पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरु स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा भोटेकोशी गाउँपालिकाको शिक्षा नियमावली, २०७५(पहिलो संशोधन) को नियम ६० उपनियम ६(ग) वमोजिम निवेदनका आधारमा तपसिल वमोजिम गाउँ शिक्षा समितिको सिफारिस अनुसार शिक्षक सरुवा गर्ने निर्णय गरियो।

**तपसिलः**

| क्र.स. | शिक्षकको नाम | तह/श्रेणी/किसिम | हाल कार्यरत विद्यालय | सरुवा गरिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | डिल्ली प्रसाद गौतम | प्रा शि/तृतीय/स्थायी | सूर्योदय आ वि-वगाम | छयाङसिङ आ वि-लिस्ती | |

७) प्रस्ताव नं ७ मा छलफल गर्दा यस पालिका अन्तर्गत संचालित श्री थापीनारायण आ वि लाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा भोटेकोशी गाउँपालिकाको शिक्षा नियमावली, २०७५(पहिलो संशोधन) को नियम ४ तथा अनुसूचि २ वमोजिमको उक्त विद्यालयले पूर्वाधार पुरा गरेको देखिएको हुँदा गाउँ शिक्षा समितिको सिफारिस अनुसार शिक्षा नियमावलीको नियम ५ उपनियम २ वमोजिम माध्यमिक विद्यालय सञ्चालन को अनुमति दिने निर्णय गरियो। साथै विद्यालय स्वीकृत र दरवन्दि स्वीकृतका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा सिफारिस गर्ने निर्णय गरियो।

८) प्रस्ताव नं ८ मा छलफल गर्दा विज्ञापन बोर्ड बाट प्राप्त पत्रानुसारको सर्वोच्च अदालतको आदेश अनुसारको होर्डिङ बोर्डहरुको तत्काल अनुगमन गरि मदिराजन्य बोर्डहरुको विज्ञापन हटाउने निर्णय गरियो।

९) प्रस्ताव नं ९ मा छलफल गर्दा भोटेकोशी गाउँपालिका भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि मापदण्ड तथा आधार २०७९ पारित गर्ने निर्णय गरियो।

१०) प्रस्ताव नं १० उपर छलफल गर्दा हिन्दी नारायणथान सडक सर्भे गरेको कन्सलटेन्सी D.C.S. Engineering Consultancy Pvt. Ltd. Jhapa, Nepal लाई रु ५ लाख भुक्तानी दिने निर्णय गरियो।